# सिमकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिमकोट, हुम्ला

कर्णाली प्रदेश नेपाल

## आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम

मिति : २०८२।०३।१०

# उपाध्यक्ष श्री सुशिला रोकायाद्वारा सिमकोट गाउँपालिकाको गाउँसभाको ११ औं अधिवेशनमा प्रस्तुत आ.व. २०८२/८३ को बजेट

**गाउँ सभाका अध्यक्ष ज्यू,**
**गाउँ सभाका सम्पुर्ण सदस्य ज्यूहरु,**

१. सर्वप्रथम, सिमकोट गाउँपालिकाको ११ औ अधिवेशनमा हार्दिक स्वागत गर्न चाहान्छु । स्थानीय तहको दोस्रो निर्वाचन (२०७९) पछिको चौथो यस गाउँ सभा समक्ष आगामी आ.व. २०८२/८३ को वार्षिक बजेट अनुमान गरी प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

२. सिमकोट गाउँपालिकाको समग्र सेवा प्रवाहलाई अझ थप प्रभावकारी, पारदर्शी, गुणस्तरिय र जवाफदेही बनाउँदै सुशासनयुक्त विकास प्रशासन मार्फत समुन्नती हासिल गर्नु हामी सबैको साझा संकल्प हो र रहनेछ । यो चुनौती र अवसरलाई गम्भिरतापूर्वक लिँदै आगामी आ.व. २०८२/८३ को बजेट आम सिमकोट गाउँपालिका बासीको साथ, समर्थन, एकता र सहयोग कायम राखी राख्ने महत्वपूर्ण औजारका रुपमा रहनुपर्छ भन्ने कुरामा म विशेष सचेत एवं सतर्क छु ।

३. यस गाउँपालिकाको **"उच्च हिमाली, विविधतायुक्त, व्यापारिक र पर्यटकीय सहर : समृद्ध हाम्रो सिमकोट नगर"** बनाउने दीर्घकालिन सोच, नेपाल सरकारको पन्ध्रौ योजना, दिगो विकासका लक्ष्य, संघ र प्रदेश सरकारको बजेट तथा प्राथमिकतालाई योगदान पुग्ने गरी कार्यक्रम तथा आयोजनागत बजेटलाई सही गन्तव्यतर्फ दिशा निर्देश गर्नुलाई मैले आफ्नो गहन जिम्मेवारी सम्झेको छु ।

४. यस सिमकोट गाउँपालिकाकाको बजेट तर्जुमा हाम्रो आय बमोजिम कुशल व्यय हुने गरी यस गाउँपालिकाको समृद्धितर्फको भविष्य र जनताको विकास प्रतिको आकांक्षालाई सम्बोधन गर्न परिणाममुखी बजेट विनियोजन सिद्धान्तलाई आत्मसाथ गरेको छु । साथै, गाउँपालिकाको स्थानीय अर्थतन्त्रमा थप पुंजी निर्माण हुने खर्च र पुंजीगत प्राप्ति तर्फ लक्षित आर्थिक वर्ष २०८२/८३ को स्वीकृत नीति तथा कार्यक्रमका आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

५. गाउँ कार्यपालिकाबाट स्वीकृत गरी पेश गरेको आ.व. २०८२/०८३ को आय र व्ययको अनुमान स्वीकृतीको लागि यथार्थ बजेट रकम आय र व्ययको अनुमान गर्नु पूर्व आर्थिक वर्षको यथार्थ आय र व्यय चालु आ.व.को संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानित गाउँ सभा समक्ष पेश गरेको छु ।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्य ज्यूहरु**

६. अब म चालु आ.व. २०८१/०८२ को जेष्ठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. २०८१/०८२ को लागि प्रक्षेपित कुल आय रु. ६० करोड ५ लाख ४८ हजार २ सय ६२ मध्ये रु. ३१ करोड ९० लाख २९ हजार ५ सय प्राप्ति भएको देखिन्छ । जसमध्ये , आन्तरिक स्रोतबाट रु. २९ लाख ७२ हजार १ सय ५१, अन्तर सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँडबाट रु. ३१ करोड ६० लाख ५७ हजार ३ सय ४९ रुपैया ४५ पैसा रहेको छ ।

त्यसैगरी, आ.व २०८१/०८२ को कुल खर्च हाल सम्म रु. २४ करोड ७२ लाख ५२ हजार ३ सय ३८ रुपैया २८ पैसा भएको देखिन्छ । जुन अनुमानित खर्चको ७८ प्रतिशत हुन जान्छ । त्यसैगरी कुल खर्च मध्ये चालु खर्च रु. २३ करोड ५१ लाख ८१ हजार ८ सय (५४.५५%) र पुँजिगत खर्च रु. ३ करोड ९८ लाख ६१ हजार (२६%) भएको छ ।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्य ज्यूहरु**

अब म आगामी आ.व. २०८२/०८३ का लागि प्रस्तावित राजस्व र खर्च विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

७. यस गाउँपालिकाको आ.व. २०८२/०८३ का लागि कुल आय रु. ६४ करोड ३६ लाख ७० हजार २ सय ३ हुने अनुमान गरिएको छ ।

**आय तर्फ**

आन्तरिक आय: रु. ६३ लाख,

राजश्व बाँडफाँडः रु. १० करोड २२ लाख ७५ हजार २ सय ३,

अन्तर सरकारी वित्तीय हस्तान्तरण (संघिय सरकार) :रु. २८ करोड ५७ लाख,

अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार):रु.५ करोड २७ लाख ९८ हजार,

**व्यय तर्फ**

चालु खर्च तर्फ: रु. ४० करोड २८ लाख १ हजार २ सय ३ (६२.५८%),

पुँजीगत खर्च तर्फ: रु. २४ करोड ८ लाख ६९ हजार (३७.४२%),

कुल खर्च: रु ६४ करोड ३६ लाख ७० हजार २ सय ३

८. माथि उल्लेखित अनुमानित आय र व्ययको बजेट रकम बराबर हुने गरी विनियोजन गरेको छु । यसले गर्दा यस सिमकोट गाउँपालिकाको बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर बजेट तर्जुमा भएको व्यहोरा यस सम्मानित गाउँ सभामा जानकारी गराउन चाहान्छु ।

९. विनियोजन बजेट मध्ये क्षेत्रगत कार्यक्रम तर्फ

**आर्थिक विकास तर्फ** रु. ३१ करोड ५१ लाख २० हजार २ सय ३ विनियोजन गरेको छु , जुन कुल बजेटको ४८.९६ प्रतिशत हो । यसै गरी,

**सामाजिक विकास तर्फ** रु. १० करोड ९० लाख ५० हजार विनियोजन गरेको छु , जुन कुल बजेटको १६.९४ प्रतिशत हो । त्यसै गरी,

**पुर्वाधार विकास तर्फ** रु. १९ करोड ४६ लाख ६९ हजार विनियोजन गरेको छु , जुन कुल बजेटको ३०.२४ प्रतिशत हो । त्यसै गरी,

**वन, वातावरण र विपद व्यवस्थापन तर्फ** रु. १ करोड ७८ लाख विनियोजन गरेको छु , जुन कुल बजेटको २.७६ प्रतिशत हो । त्यसै गरी,

**सुशासन तथा संगठन विकास तर्फ** रु. ७० लाख ३१ हजार विनियोजन गरेको छु, जुन कुल बजेटको १.०९ प्रतिशत हो ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्युहरु**

१०. अब म यस सिमकोट गाउँपालिकाको वित्तीय समानिकरण अन्तर्गत उप–क्षेत्रगत रुपमा विनियोजन भएको बजेट विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**कृषि विकासमा** रु. २० लाख विनियोजन गरेको छु जसमा

- च्याउ खेति विस्तार- रु २ लाख
- बाली संरक्षण कार्याक्रम- रु २ लाख
- सुरक्षित फलफूल टिपाईका लागि फ्रुटपिकर र स्याउका चाना काट्ने मेसिन वितरण- रु २ लाख ५० हजार
- बगैंचा सुदृढिकरण कार्यक्रम- रु ६ लाख
- मौसमी तथा बेमौसमी तरकारी कम्पोजिट प्याकेट वितरण – रु ५ लाख
- विभिन्न दिवस तथा सप्ताह कार्यक्रम सञ्चालन तथा व्यवस्थापन – रु ५० हजार
- मौरी प्रवर्द्धन कार्यक्रम – रु २ लाख

**पशु पन्छी विकास तर्फ** रु १५ लाख विनियोजन गरेको छु जसमा

- औषधी खरिद तथा ढुवानी – रु १० लाख
- पशु स्वास्थ्य शिविर – रु २ लाख
- मासु पसल अनुगमन – रु १ लाख
- भ्याक्सिन खरिद तथा भ्याक्सिनेसन कार्यक्रम – रु २ लाख

**शिक्षा, युवा तथा खेलकुद तर्फ रु १ करोड ४० लाख** विनियोजन गरेको छु जसमा

- शिक्षण सिकाइ अनुदान मा.वि. तह - रु ३९ लाख ७५ हजार ६ सय ९९
- शिक्षण सिकाइ अनुदान आभारभूत तह कक्षा ६ देखि ८ सम्म – रु १८ लाख ५ हजार ९ सय ६०
- प्रारम्भिक बालविकास शिक्षाका सहजकर्तालाई थप तलब – रु २७ लाख ९५ हजार

- विद्यालय सहायक कर्मचारी थप तलब – रु २ लाख ७३ हजार
- विद्यालय सहयोगी थप तलब- रु १७ लाख ९४ हजार
- शैक्षिक क्यालेण्डर निर्माण तयारी तथा छपाई र वितरण – रु २ लाख ५० हजार
- गाउँपालिकाको दश वर्षे शिक्षा शिक्षा क्षेत्र योजना तयारी निर्माण तथा छपाई र प्रशासन – रु ४ लाख
- स्थानीय पाठ्यपुस्तक तयारी,निर्माण तथा छपाई (कक्षा ६-८) – रु १० लाख ५६ हजार ३ सय ४१
- बालविकास शिक्षकहरुलाई प्रारम्भिक बालविकास सिकाइ मापदण्ड सम्बन्धी क्षमता विकास तालिम रु २ लाख ५० हजार
- गाउँपालिकास्तरीय आधारभूत तह परीक्षा सञ्चालन तथा व्यवस्थापन – रु २ लाख
- प्रधानाध्यापक बैठक सञ्चालन – रु २ लाख ५० हजार
- गाउँ शिक्षा समितिको बैठक सञ्चालन – रु २ लाख ५० हजार
- विद्यालयहरुमा साहित्य सिर्जना तथा रचना कार्यक्रम - रु २ लाख
- शैक्षिक पात्रो २०८२ मा भएका गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सञ्चालन कार्यक्रम – रु ५ लाख

**महिला, बालबालिका, जेष्ठ नागरिक, असहाय, अपांगता तर्फ रु १५ लाख** विनियोजन गरेको छु जसमा

- विभिन्न दिवस मनाउने – रु ५ लाख
- महिला आयआर्जन कार्यक्रम – रु ५ लाख
- अपाङ्गता बैठक – रु १ लाख
- लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट परीक्षण (GESI Audit) - रु १ लाख
- माध्यमिक तहका बालबालिकाको अधिकार र कर्तव्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम – रु १ लाख
- दलित ट्युसन कार्यक्रम- रु २ लाख

- स्वास्थ्य तर्फ एक मुष्ट रु २५ लाख विनियोजित गरेको छु ।

**वहुक्षेत्रीय पोषण तर्फ**

- सुनौलो हजार दिनका आमाहरुलाई कुखुरा चल्ला वितरण – रु ५ लाख

**न्यायिक समिति तर्फ**

- न्यायिक समितिको बैठक – रु २ लाख
- क्षमता विकास – रु ५ लाख
- ईजलास कक्ष निर्माण – रु ३ लाख

**लघु उद्यम विकास** तर्फ

- वडा नं १ र २ मा साबुन बनाउने तालिम सञ्चालन – रु ३ लाख
- वडा नं १ मा हाते धुप बनाउने तालिम – रु २ लाख

- **सामाजिक सुरक्षा तथा पञ्जिकरण** तर्फ रु ५ लाख विनियोजन गरेको छु ।
- **रोजगार सेवा** तर्फ रु ५ लाख विनियोजन गरेको छु ।
- **खानेपानी तथा सरसफाई** तर्फ रु ५ लाख विनियोजन गरेको छु ।
- **योजना शाखा** तर्फ क्षमता विकासको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- **राजश्व शाखा** तर्फ रु ५ लाख विनियोजन गरेको छु ।
- **सूचना तथा प्रविधि** तर्फ रु ५ लाख विनियोजन गरेको छु ।

### पुर्वाधार विकास

- वडा नं १ देखि वडा नं ८ सम्म पूर्वाधार विकास लागि रु. ३ करोड २० लाख बजेट विनियोजन गरेको छु।
- विभिन्न साझेदार निकायहरुसंग साझेदारी कोषका लागि रु. ३ करोड ९७ लाख ९७ हजार बजेट व्यवस्था गरेको छु।
- सिमकोट गाँउपालिकाभित्र तत्काल मर्मत गर्नुपर्ने अवस्थाका योजनाहरुलाई मर्मत तथा सम्भारका लागी रु. २० लाख बजेटको व्यवस्था गरेको छु।
- वडा नं ५ को आधारभूत स्वास्थ्य चौकी भवन मर्मतको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु।
- प्रहरी चेक पोष्टको लागि रु ५ लाख बजेटको व्यवस्था गरेको छु।
- पाइप तथा ट्रान्समिटर ढुवानीको लागि रु १० लाख बजेट विनियोजन गरेको छु।
- वडा नं २ र ३ को वडा भवन निर्माणको लागि रु १०/१० लाख गरी जम्मा रु २० लाख बजेट विनियोजन गरेको छु।
- घण्टपाल माँडु निर्माण, वडा नं २ मा रु ५ लाख विनियोजन गरेको छु।
- घण्टपाल महिला समूह वडा नं ६ मा सामाग्री खरिदका लागि रु ५ लाख विनियोजन गरेको छु।
- कर्मचारी क्षमता विकास तथा योजना निर्माणमा १० लाख विनियोजन गरेको छु।
- सवारी साधन खरिद को लागि १५ लाख विनियोजन गरेको छु।
- खेलकूद कार्यक्रम तथा अन्यमा १५ लाख विनियोजन गरेको छु।
- जग्गा वर्गिकरणमा १५ लाख विनियोजन गरेको छु।
- स्याँडा वडा भवन थपको लागि ७ लाख विनियोजन गरेको छु।
- लामा पुस्तक प्रकाशनको लागि ५ लाख विनियोजन गरेको छु।
- हिल्सा थान देखि पानी मुल बाटो वडा नं ७ मा ५ लाख विनियोजन गरेको छु।
- सामुदायिक भवनमा आवश्यक सामाग्री खरिदको लागि वडा नं ४ मा ५ लाख विनियोजन गरेको छु।
- फोहोर व्यवस्थापनको लागि ८ लाख विनियोजन गरेको छु।

- ग्वाल्देउ घेरबार  वडा नं ५ मा ५ लाख विनियोजन गरेको छु ।
- महिला उद्यमी प्रोत्साहन कार्यक्रमको लागि ५ लाख विनियोजन गरेको छु ।
- सिमकोट महोत्सवको लागि  १० लाख विनियोजन गरेको छु ।
- रेडक्रस सोसाइटी अनुदान ५ लाख विनियोजन गरेको छु ।
- मानसरोवर बहुमुखी क्याम्पसलाई अनुदान ३ लाख विनियोजन गरेको छु ।

संघीय तथा प्रदेश राजश्व बाँडफाँड तर्फ रु १० करोड वीस लाख ७० हजार २ सय ३ रुपैंया विनियोजित गरेको छु ।  जसमा

- कर्मचारी पारिश्रमिक रु २ करोड ४५ लाख
- कर्मचारी स्थानीय भत्ता रु ६० लाख
- कर्मचारी महंगी भत्ता रु १५ लाख
- फिल्ड भत्ता रु १९ लाख ९२ हजार
- पोशाक भत्ता  रु ६ लाख २५ हजार
- पादाधिकारी सुविधा रु ५४ लाख ८७ हजार
- पदाधिकारी बैठक भत्ता रु ५ लाख
- पादाधिकारी तालिम रु ३ लाख
- करार कर्मचारी सेवा शुल्क रु २ करोड ८४ लाख ४६ हजार २ सय ९८
- पानी विजुली महशुल रु ६ लाख १२ हजार
- सञ्चार महसुल रु २५ लाख
- इन्धन कार्यालय प्रयोजन रु १५ लाख
- इन्धन अन्य प्रयोजन रु १ लाख
- कर्मचारी तालिम रु १० लाख
- घरभाडा रु १८ लाख
- कार्यालय मसलन्द रु ४५ लाख

- विविध खर्च रु ४० लाख
- भ्रमण खर्च रु ३० लाख
- अनुगमन खर्च रु ५ लाख
- सफ्ट्वयर जडान तथा सूचना प्रविधि रु १५लाख
- सवारी सधान मर्मत रु १५ लाख
- सवारी साधन भाडा रु ५ लाख
- मेसिनरी तथा औजार मर्मत सम्भार रु ५ लाख
- मेसिनरी औजार खरिद रु १० लाख
- फर्निचर फिक्सर रु ७ लाख ७ हजार ९ सय ५
- औषधी उपचार पदाधिकारी रु ५ लाख
- अध्ययन भ्रमण रु १५ लाख
- पर्यटन प्रवर्द्धन रु २० लाख
- सावरी साधन खरिद रु २० लाख
- सार्वजनिक सम्पत्ति मर्मत सम्भार रु १० लाख

**संस्थागत सुशासन र संगठन विकास**

- सिमकोट गाउँपालिकामा कार्यरत कर्मचारीहरुको अवकाश पछि पाउने सेवा सुविधाको लागि कर्मचारी कल्याण कोषमा रु. २० लाख बजेट विनियोजन गरेको छु ।

**विपद व्यवस्थापनमा**

- मानवीय र प्राकृतिक विपत्तिका कारणले हुने आकस्मिक घटनालाई तत्काल सम्वोधन गर्न रु.३० लाख विपद व्यवस्थापन कोषको व्यवस्था मिलाएको छु ।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्य ज्यूहरु ,**

११. अब म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित संघीय सरकारबाट विशेष अनुदान र समपुरक अनुदानमा विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- सिमकोट वडा नं २ स्थित ठेहे स्वास्थ्य चौकी वर्थीङ सेन्टर निर्माणका लागि रु. १ करोड
- वडा नं ६ को भवन निर्माणका लागी रु १ करोड २० लाख
- विद्यालय फर्निचर तथा शैक्षिक सामाग्रीका लागि रु ५४ लाख

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्य ज्यूहरु**

१२.अब म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित संघीय सरकारबाट सशर्त अनुदानको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- सिमकोट देखि ठेहे हुँदै कुम्लिक सम्म सडक मर्मतको लागि रु २० लाख
- हिल्दुम गाउँ ढल निकास योजनाको लागि रु २५ लाख
- बरगाउँ स्वास्थ्य चौकी निर्माण तथा व्यवस्थापनका लागि रु ३८ लाख ८६ हजार
- मष्टा मन्दिर भवन निर्माण , सिमकोट-४ का लागि रु २० लाख
- कुम्लिक खोला तटबन्धन, सिमकोट-१ का लागि रु २० लाख
- दोजाम खोला देखि खुनगुम्बा सडक निर्माणका लागि रु २५ लाख
- लिमाटाङ स्वास्थ्य चौकी निर्माण तथा व्यवस्थापनका लागि रु ३९ लाख १४ हजार

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्य ज्यूहरु**

१३. अब म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित प्रदेश सरकारबाट विशेष अनुदान र समपुरक अनुदानमा विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- स्याँडा देखि याङ्गु सडकका लागि रु १ करोड १२ लाख
- पञ्चमुखी सडकका लागि रु १ करोड ५ लाख

अब म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित प्रदेश सरकारबाट मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- मानसरोवर पहिरो नियन्त्रण, वडा नं ६ का लागि रु २० लाख
- पाङलाथुम गाउँ वरि पहिरो नियन्त्रण , वडा नं ७ का लागि रु २० लाख
- चाँगा नदी नियन्त्रण तथा तटबन्धन, वडा नं २ का लागि रु २० लाख
- पिनेरा पहिरो नियन्त्रण तथा तटबन्धन, वडा नं ५ का लागि रु २० लाख
- मनकी खोलादेखि बरगाउँ सम्म सिंचाई, वडा नं ३ का लागि रु २० लाख
- मेल गैरा खानेपानी निर्माण, वडा नं १ का लागि रु २० लाख
- पञ्चमुखी सर्किट पर्यटन विश्राम स्थल, वडा नं ४ का लागि रु २० लाख
- वडा कार्यालयको भु-क्षय नियन्त्रणको लागि ग्याविन वाल निर्माण, वडा नं ८

अब म अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत हस्तान्तरित प्रदेश सरकारबाट विनियोजित बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- उद्योग वाणिज्य संघको भवन निर्माणका लागि रु २० लाख
- लिमाटाङ सामुदायिक भवन घेरबार तथा शौचालय निर्माणका लागि रु १५ लाख
- हिल्दुम आधुनिक घट्ट निर्माणका लागि रु १५ लाख
- कुमेडी खाना तटबन्धन, वडा नं ५ का लागि रु १० लाख
- कुटेनी पिसानी मिल,वडा नं १का लागि रु १५ लाख
- ग्वालेखोर आधुनिक घट्ट,वडा नं ६ का लागि रु १५ लाख
- मानसरोवर नमुना मा.वि घेरबार का लागि रु १० लाख
- सुत्केरी पोषण कार्यक्रमका लागि रु ३ लाख ५८ हजार
- स्वयंसेविकालाई प्रोत्साहन भत्ताका लागि रु ५ लाख ४० हजार

- चौगानफया सामुदायिक स्वास्थ्यका लागि रु ३ लाख
- खोल्सी सामुदायिक स्वास्थ्यका लागि रु ३ लाख
- हिल्दुम सामुदायिक स्वास्थ्यका लागि रु ३ लाख
- साँता सामुदायिक स्वास्थ्यका लागि रु ३ लाख
- पोषणमैत्री नमुना टोल कार्यक्रमका लागि रु ३ लाख

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्य ज्यूहरु**

१४. अब म स्थानीय पूर्वाधार विकास कार्यक्रमको विनियोजित रकम रु ३ करोड १० लाख बाट सञ्चालित हुने कार्यक्रमहरु प्रस्तुत गर्दछु

- स्याम्ने बस्ती संरक्षण / तटबन्धन तथा सिंचाई पोखरी निर्माण सिमकोट ४
- ओलखोल तटबन्धन तथा ढल सिमकोट ५
- घुम्चे ओडार देखि डोसा सडक तथा स्लोप स्टेपीलाईजेशन सिमकोट ७
- तलिबाडा देखि चौथा सम्म सडक स्तरोन्नति तथा स्लोप स्टेपीलाईजेशन सिमकोट ६
- ग्याग्रु सिंचाई तथा चाङ्ला विद्यालय तटबन्धन सिमकोट १ र २
- लाङदुक लिमाटाङ सडक स्तरोन्नति तथा स्लोप स्टेपीलाईजेशन सिमकोट ३

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्य ज्यूहरु**

१५. प्रस्तुत आगामी आ.व. २०८२/०८३ को बजेट कार्यान्वयनबाट रोजगारी तथा आन्तरिक रोजगारी सृजना, आयआर्जनमा वृद्धि, सामाजिक सुरक्षा तथा संरक्षण, वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरुलाई मनोपरामर्श तथा सचेतना मुलक क्रियाकलाप सन्चालन, स्थानीय पुर्वाधार निर्माणमा थप टेवा पुग्ने अपेक्षाका साथ बजेट तथा कार्यक्रम स्वीकृतीको लागि पेश गरेको छु ।

**अन्त्यमा,**

१६. नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा महत्वपूर्ण सुझाव दिनु हुने गाउँपालिकाका सदस्य ज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारी लगायत कर्मचारी मित्रहरु सबैलाई धन्यवाद दिन चाहन्छु । साथै, हामीले अघि सारेको बजेटका प्राथमिकता प्राप्त कार्यक्रमहरु कार्यान्वयनमा सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार, निजी क्षेत्र, करदाता, अन्तर्राष्ट्रिय दातृ निकाय, संघ संस्थाहरुलाई साझेदारी र सहकार्यका लागि हार्दिक धन्यवाद सहित अपिल समेत गर्दछु ।

**धन्यवाद**